प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल।

पत्र संख्या:- ०७७/०७८

चलानी नं.- ५८२

मिति:-२०७७।०९।२१

विषय:- सूचना टाँस सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति, बाग्लुङ्ग।

श्री जिल्ला प्रशासन कार्यालय, बाग्लुङ्ग।

श्री स्थानीय तहहरु सबै, बाग्लुङ्ग ।

श्री कृषि ज्ञान केन्द्र, पर्वत ।

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाग्लुङ्ग।

यस मन्त्रालयको चालु आ.व. २०७७।०७८ का लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार शहीदका परिवार, अपांगता भएका र बेपत्ता व्यक्तिका परिवार एवम् द्वन्द्व पीडित व्यक्ति तथा परिवारलाई स्वरोजगार बनाउ जीविकोपार्जनमा सघाउ पुर्याउने उद्देश्यले लमजुङ जिल्लाका शहीदका परिवार, बेपत्ता व्यक्तिका परिवार एवम अपांगता भएका र द्वन्द्व पीडित व्यक्ति तथा परिवारलाई प्रदान गरिने सीपमूलक तालिमका लागि आवेदन फाराम भर्ने समय यस मन्त्रालयको मिति २०७७।०९।२१ को निर्णय(सचिवस्तर) अनुसार १५ दिन बाँकी (मिति २०७७।१०।०७ सम्म) भएकोले यसै पत्रसाथ संलग्न सूचना पाना १(एक) तहाँ कार्यालयको (सबै स्थानीय तहहरुले वडास्तर सम्म) सूचना पाटीमा टाँस गरी प्रचार प्रसार गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

(सृजना खनाल)

अधिकृत सातौं

जिल्ला प्रशासन कार्यालय

दर्ता :- ६६६

मिति:- ०७७।०९।२२

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल।

सूचना !!! सूचना !!! सूचना !!!

सीपमूलक तालिमका लागि आवेदन पेश गर्ने समय थप गरिएको सम्बन्धी सूचना।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश, पोखरास्थित शहीद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपांगता भएका र द्वन्द्व पीडित व्यक्ति तथा परिवारलाई गोलभेडा खेती र बाख्रापालन सम्बन्धी सीपमूलक तालिम संचालन गरिने हुँदा उक्त तालिमहरु मध्ये कुनै एक तालिम लिन ईच्छुक बाग्लुङ जिल्लाका जिल्ला शान्ति समितिमा सूचीकृत द्वन्द्व पिडित व्यक्ति तथा परिवारले आवश्यक कागजातहरु संलग्न गरी गोलभेडा खेतीका लागि कृषि ज्ञान केन्द्र, पर्वतको सम्पर्क इकाई बाग्लुङ र बाख्रापालन तालिमका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाग्लुङमा मिति २०७७।१०।०७ गते सम्मम निवेदन दर्ता गर्नुहुन जानकारी गराईन्छ। आवेदन फारम सम्बन्धित कृषि ज्ञान केन्द्र एवम् भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा उपलब्ध हुनेछ, साथै मन्त्रालयको वेबसाईट www.moial.gandaki.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागि सम्पर्क:

१. गोलभेडा खेती तालिमका लागिः- कृषि ज्ञान केन्द्र, पर्वतको सम्पर्क इकाई बाग्लुङ (फोन नं. ०६७-५२०१३०।

२. बाख्रापालन तालिमका लागिः- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाग्लुङ (फोन नं.०६८-५२२४७५।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश, पोखरा, नेपाल।

Scanned with CamScanner